दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १३० | बुटवल | २०८२ बैशाख २४, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday May. 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## भूमि विधेयक संसदमा पेश

बुटवल । सरकारले हदबन्दी छुटको जग्गा बेच्न दिने प्रस्तावसहितको विधेयक संसदमा पेश गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८२' ल्याएका हुन् । मंगलबार यो विधेयक प्रतिनिधिसभामा दर्ता भएको छ ।

जहाँ 'घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर निर्माण गरी बिक्री गर्न सक्ने' लगायतका प्रावधान छ ।

यस्तो प्रावधान ल्याउनुको कारणमा सरकारले घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा खरिद गर्न सक्ने तर बेचबिखन गर्न सक्ने वा नसक्ने भन्ने सम्बन्धमा द्विविधा हटाउन आवश्यक रहेको भनेर प्रष्टीकरण दिएको छ ।

यी व्यवस्थालाई समेटेर सरकारले यसअघि नै अध्यादेश ल्याएको थियो । २ माघ २०८१ मा आएको उक्त अध्यादेश संसद्बाट अगाडि बढ्न सकेन । त्यसपछि सरकारले विधेयक नै ल्याएको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयकाअनुसार विगतमा अध्यादेश ल्याउँदा परिवर्तन भएका र नयाँ व्यवस्थालाई नै समेटेर विधेयक ल्याइएको हो ।

प्रस्तावित विधेयकमा भूमिसम्बन्धी ऐन २०२१ का विभिन्न दफा संशोधनको प्रस्ताव गरिएको छ । प्रचलित ऐनको दफा १२ मा संशोधन गरेर हदबन्दी छुटको जग्गा बेच्न दिने प्रस्ताव गरिएको हो । यसअघि सरकारले भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश गत माघमा ल्याएको थियो । यो अध्यादेश ४ माघमा राजपत्रमा प्रकाशित भएको थियो । तर, संसद्बाट अगाडि बढ्न सकेन ।

सत्तारुढ दलहरूकै बीचमा यो अध्यादेशलाई लिएर विवाद भएपछि सरकारले अगाडि बढाएको थिएन ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार विगतमा अध्यादेश ल्याउँदा परिवर्तन भएका र नयाँ व्यवस्थालाई नै समेटेर विधेयक अगाडि बढाइएको छ ।

## बाल मन्दिर जग्गा हिनामिनामा मुद्दा चलाउन निर्देशन

बुटवल । महान्यायाधिवक्ता कार्यालयले नक्सालस्थित बाल संगठन (बाल मन्दिर)को जग्गा हिनामिनाको घटनामा संलग्नहरूलाई मुद्दा चलाउन निर्देशन दिएको छ ।

बाल मन्दिरको जग्गा लिजमा दिने निर्णयमाथि अनुसन्धानपछि प्रहरीले फाइल पेश गरेको थियो भने जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा चलाउन नपर्ने सिफारिस गरेको थियो ।

जिल्ला सरकारी वकिलको कार्यालयको राय उल्ट्याउँदै महान्यायाधिवक्ता कार्यालयले मुद्दा चलाउन निर्देशन दिने निर्णय गरेको थियो । उक्त निर्णयपछि अब बाल मन्दिरको जग्गा हिनामिना प्रकरणमा संलग्नहरूमाथि ठगी मुद्दा चल्नेछ ।

महन्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले भने- 'मुद्दा चलाउन नपर्ने भनी राय आएको थियो, त्यसलाई उल्ट्याएर मुद्दा चलाउनुपर्ने भनी निर्देशन दिने निर्णय भएको छ । फाइल जिल्ला सरकारी वकिलको कार्यालयमा पठाइसकिएको छ ।'

रीता सिंह वैद्य नेपाल बार संगठनको अध्यक्ष भएको बेला बाल संगठनको जग्गा लिजमा दिने निर्णय भएको छ । उनीलगायत निर्णय प्रक्रियामा संलग्नहरुमाथि अनुसन्धान भएको थियो । रीता सिंह उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी हुन् ।

## गभर्नर नियुक्तिमा राजनीतिक समस्या छैन : देउवा



बुटवल । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राजनीतिक कारणभन्दा पनि राष्ट्र बैंकभित्रैको समस्याले गभर्नर नियुक्तिमा ढिलाइ भएको बताएका छन् ।

नेपाली कांग्रेसको आर्थिक नीति तथा योजना विभागले मंगलबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले नियुक्तिबारे प्रधानमन्त्री केपी शर्मा ओली पनि सकरात्मक भएको उल्लेख गरेका थिए ।

'गभर्नरको विषयमा अहिले राजनीतिक समस्या छैन,' देउवाको भनाइ छ-'ओलीजी पनि सकारात्मक नै हुनुहुन्छ । राष्ट्र बैंकभित्रकै समस्या हो ।' फरक प्रसंगमा उनले भारतले भन्दा पहिले नेपालले उदारीकरणको नीति सुरुवात गरेको भन्दै नेकपा एमाले र माओवादी केन्द्र पनि यही नीतिमा रहेको दाबी समेत गरे ।

'भारतमा उदारीकरणको नीति नहुँदा नेपालले सुरुवात गरेको हो,' देउवाको भनाइ छ-'सरकारले व्यापार, उद्योग गर्ने हैन, हामी मात्रै हैनौं, प्रचण्ड र ओलीजी पनि यही नीतिमा हुनुहुन्छ ।'

» बाँकी ३ पेजमा

रुपन्देहीका उद्योगीको प्रश्न :

# मोतीपुर औद्योगिक क्षेत्र कहिले बन्छ ?




**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल औद्योगिक क्षेत्रमा रहेको मेटल कास्ट उद्योगलाई अहिले त्यहाँको जग्गा साँगुरो भएको छ । २०५२ सालमा उद्योग स्थापना हुँदा पर्याप्त रहेको उक्त जग्गा उद्योगको क्षमता विकास हुँदै गएपछि अहिले साँघुरो भएको हो । उद्योगका सञ्चालक निश्चल शर्मा भन्छन्-'यहाँको जग्गा साँघुरो भयो, मोतीपुर औद्योगिक क्षेत्र कहिले बन्छ, त्यसको प्रतिक्षामा छौं ।'

यो उद्योगमा ठूला परियोजनाका लागि फलामका सामान उत्पादन तथा मर्मत सम्भारको काम हुन्छ । जग्गा साँघुरो हुँदा उद्योगको उत्पादन क्षमता विस्तार गर्न कठिनाइ भएको उनले बताए । मेटल कास्ट उद्योगलाई मात्रै होइन, २०६६ सालमा स्थापना भएको युनाइटेड प्लाष्टिक उद्योगलाई पनि जग्गा साँघुरो भएको छ । तर उद्योगमा ठूलाठूला मेसिन तथा उपकरणहरु हुने भएकाले अन्यत्र ठाउँ पाए पनि उद्योग स्थानान्तरण गर्न सजिलो छैन । उद्योगका प्रबन्ध निर्देशक तुलसीबहादुर गुरुङले अन्यत्र ठाउँ पाइहालियो भने पनि सार्ने स्थिति नभएको बताउँछन् ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको टोलीले बुटवल औद्योगिक क्षेत्रसहितका विभिन्न उद्योगहरुमा स्थलगत अवलोकन गर्दा धेरै उद्योगले उद्योगको क्षमताअनुसार ठाउँ साघुरो भएको बताएका हुन् ।

२०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रूपमा औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए । तर बस्ती र जोतभोगको जग्गा समेत औद्योगिक क्षेत्रमा पारिएको भन्दै स्थानीय बासिन्दा विरोधमा उत्रिएर काम अघि बढाउन दिएका थिएनन् । जोतभोग र बस्ती भएको जग्गामा औद्योगिक क्षेत्र बन्न नदिने भन्दै स्थानीयको आन्दोलन र अवरोधका कारण शिलान्याश भएको पाँच वर्ष र घोषणा भएको ९ वर्षसम्म काम अघि नबढेर परियोजना अलपत्र परेपछि धनीपूर्जा प्राप्त ८१३ बिघाको सबै जग्गामा औद्योगिक क्षेत्र बनाउन नसकिने निश्कर्षमा सरकार पुगेको छ ।

सोही निश्कर्षका आधारमा मोतीपुर औद्योगिक क्षेत्रमा पुनः नापजाँचको काम सुरु भएको छ । जग्गा विवाद समाधानका लागि नापजाँच सुरु गरिएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जनाएको छ । नयाँ नापजाँचबाट नदी उकास क्षेत्र, जोतभोग भएको स्थानीय बस्ती, अन्य सार्वजनिक संघ-संस्था, मठमन्दिरलगायतको जग्गा छुट्याएर बाँकी रहेको भू-भागमा औद्योगिक क्षेत्र विकास गर्नेगरी अघि बढिएको छ ।

सबैभन्दा कम विवादित रहेको सेक्टर 'बी' अन्तर्गत बुटवल उप-महानगरपालिका वडा नं. १७ र १८ को २३८ बिघा जग्गाको सीमांकन शुरु गरिएको छ । नयाँ नापजाँचसँगै आइइ, इआइएलगायतका काम सकेपछि नयाँ डीपीआर बनाएर औद्योगिक क्षेत्रको विकास गरिने छ । यसअघिको डीपीआरअनुसार औद्योगिक क्षेत्रलाई ५ वटा ब्लकमा छुट्टाइएको थियो । जसमध्ये सेक्टर 'बी' को २३८ बिघासहित सेक्टर 'डी'को १०९ बिघा तथा र सेक्टर 'ई'को ४४ बिघामा विवाद नरहको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड बुटवल कार्यालयका प्रमुख दीपक आचार्यले बताए । तथ्याङ्कअनुसार सेक्टर 'डी'मा २ वटा र 'ई'मा ९ वटा घर मात्र औद्योगिक क्षेत्रको जग्गामा परेका छन् ।

यसघि बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारीसम्मको नदी उकास करिब एक हजार बिघा जग्गामा औद्योगिक क्षेत्र बनाउने घोषणा सरकारले गरेको थियो । सो घोषणाअनुसार धनीपुर्जा प्राप्त ८१३ बिघा र पुर्जा प्राप्त नभएको १३३ दशमलव ४६ बिघा गरी ९४६ दशमलव ४६ बिघा (६४१ हेक्टर) को डीपीआर बनाइएको थियो ।

बुटवल औद्योगिक क्षेत्रमा भाडा विवाद कायमै रहेको र विद्युत्मा समेत समस्या रहेको उद्योगीको गुनासो छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २०७५ सालदेखि लागुहुनेगरी २०७८ सालमा जग्गाको भाडा ७ सय प्रतिशतसम्म वृद्धि गरेको थियो । यो विवाद अझैं सुल्झिएको छैन । त्यस्तै बुटवल औद्योगिक क्षेत्रमा डेडिकेटेड फिडर छ । तर, विद्युत् जाने आउने समस्या रोकिएको छैन ।

बुटवल औद्योगिक क्षेत्रमा ६० उद्योग छन् । त्यसमध्ये अधिकांश उद्योग प्लाष्टिक र फेब्रिकेशनका छन् । यो प्रकृतिका उद्योगका लागि २४सैं घण्टा विद्युत्को आवश्यकता पर्छ । औद्योगिक क्षेत्र उद्योग संघका वरिष्ठ उपाध्यक्ष प्रज्ज्वल थान्जुका अनुसार केही मिनेट मात्रै विद्युत् अवरुद्ध हुँदा उद्योगले धेरै नोक्सान व्यहोर्नु पर्छ ।

त्यसबाहेक औद्योगिक क्षेत्र र बाहिरका उद्योगका अरु समस्या भने समान प्रकृतिका छन् । सिथिल अर्थतन्त्र, जनशक्तिको अभाव, सरकारको औद्योगिक नीति सबै उद्योगका समान समस्या हुन् । औद्योगिक क्षेत्र उद्योग संघका महासचिव कमल ज्ञवालीले कच्चा पदार्थमा भन्सार शुल्क लाग्ने र तयारी बस्तुमा छुट दिनेसम्मका नीतिले नेपाली उद्योगीलाई समस्या गराएको बताउँछन् । उनका अनुसार यावत कारणले फूल फेजमा उद्योग सञ्चालन गर्न सकिएको छैन ।

मुलुकको शिथिल अर्थतन्त्रका कारण यस क्षेत्रका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । रुपन्देहीमा थुप्रै औषधि उद्योग छन् । औषधि उद्योगहरुमा पनि सरकारको बिमा नीति, दक्ष जनशक्ति तथा सानो बजार ठूलो लगानीलगायतका समस्या रहेको ती उद्योगीहरु बताउँछन् ।

» बाँकी ३ पेजमा

## तिलोत्तमा 'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त' घोषणा



बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिका 'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त' घोषणा भएको छ ।

मंगलबार प्रदेशका सामाजिक विकास मन्त्री,जिल्ला समन्वय समिति प्रमुख, नगरभित्रका विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू र संघसंस्थाको उपस्थितिमा नगरप्रमुख रामकृष्ण खाँणले नगरलाई मानवसेवा आश्रमसँगको सहकार्यमा सहयोगापेक्षी सडक आश्रित मानवमुक्त नगर बनाइएको घोषणा गरे । उनले उक्त घोषणापत्र मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीलाई हस्तान्तरण गरेका थिए ।

सो अवसरमा बोल्दै सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेनाले संविधानले नै हरेक नागरिक सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरे पनि विभिन्न कारणले कतिपय व्यक्ति सडक जीवन जिउन बाध्य भएको बताए । उनले मानवीय सेवाभन्दा ठूलो धर्म अरु नहुने भन्दै मानवसेवा आश्रमको अभियानमा सबैको साथ हुनुपर्ने बताए ।

नगरप्रमुख खाँणले प्रशासनिक घोषणा मात्र नभई व्यवहारमा प्रभावकारी कार्यान्वयन गरिने प्रचिबद्धता जनाए । आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले २०८२ सालभित्र स्थानीय तह, सातै प्रदेश र यही वर्षको अन्तसम्ममा नेपाललाई नै 'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त' घोषणा गर्ने तयारी रहेको बताए ।

मानवसेवा आश्रमले कोही पनि मानिस बेवारिसे भएर सडकमा जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले १३ वर्षअघिदेखि सहयोगापेक्षी सडक आश्रित मानवहरूका लागि उपचार र उपचारपछि खाना, नाना, छाना, स्वास्थ्य र शिक्षाको व्यवस्थापन गर्दै आएको छ ।

तिलोत्तमा नगरपालिकाको वडा नं. ६ स्थित मानवसेवा आश्रममा १४६ जना आश्रित रहेको वडाध्यक्ष गणेश पाठकले बताए ।




## सम्पादकीय

# अटोभिलेज पूर्ण कार्यान्वयन हुने आशा

रुपन्देहीको सिद्धार्थनगरमा नगरभरि यत्रतत्र छरिएर रहेका सवारी साधन मर्मत गर्ने ग्यारेज र त्यससँग सम्बन्धित अटोमोबाइल्स व्यवसायलाई एउटै थलोमा ल्याएर अटोभिलेज सञ्चालन गर्ने योजना एक दशकअघि बनेको थियो । सिद्धार्थनगर-९ गोनहियामा अटोभिलेज सञ्चालन गर्ने नगरको योजनामा व्यवसायीले साथ नदिँदा पूर्णरुपमा सञ्चालनमा आउन सकेको थिएन । सुन्दर र सफा नगरको रुपमा विकास गर्ने अवधारणाअन्तर्गत २०७० सालमा सम्झौता नै गरेर अगाडि सारिएको योजना अलपत्र परेपछि सोमबार नगरपालिकाले लुम्बिनी रोडमा सञ्चालनमा रहेका विभिन्न ग्यारेजहरु त्यहाबाट हटाउन ३५ दिने सूचना जारी गरेको छ । सिद्धार्थनगर बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार पनि हो । नगरलाई पर्यटकीय दृष्टिले आकर्षक बनाउन यत्रतत्र छरिएका ग्यारेजहरु अटोभिलेजमै स्थानान्तरण गर्नु अपरिहार्य छ । व्यवसायीले अटेर गरेपछि नगरपालिकाले ३५ दिने सूचना जारी गरेपछि अब व्यवसायीहरु अटोभिलेजमा जानुको विकल्प छैन ।

अटो भिलेजका लागि जग्गा खरिद भएको ठाउँमा सडक, खानेपानी, विद्युत्लगायत आवश्यक पूर्वाधार नगरपालिकाले बनाउने सम्झौता गरेको थियो । ती सबै तयार समेत भइसकेको नगरपालिकाले जनाएको छ । सम्झौताको बुँदा नम्बर ४ मा अटोमेकानिक्ससम्बन्धी व्यवसाय गर्ने व्यवसायीलाई सिद्धार्थ अटोभिलेज बाहेक अन्यत्र व्यवसाय गर्न नपाउने गरी दुवै पक्ष (नगरपालिकाका र व्यवसायी) ले आवश्यक भूमिका र पहल गर्ने उल्लेख रहे पनि नियमन गर्ने निकाय नगरपालिकाले आफ्नै सम्झौताको उल्लंघन हुने गरी व्यवसायीहरुलाई लुम्बिनी रोड र शहरका अन्यत्र ठाउँमा ग्यारेज र वर्कशप सञ्चालन गर्न छुट दिएको थियो । तसर्थ अटोभिलेज पूर्णरुपमा कार्यान्वयनमा नआउनुमा व्यवसायीभन्दा बढी नगरपालिकाको कमजोरी छ ।

सिद्धार्थनगर नगरपालिकामा करिब ८ सय व्यवसायीहरु अटोभिलेजमा जाने प्रकृतिका रहेको बताइन्छ । तर सिद्धार्थ अटोभिलेजमा २० जना व्यवसायीले मात्रै नियमित व्यवसाय गर्दै आएका छन् । अटोभिलेज पुग्न अझैं पुलको समस्या रहेको, सर्भिस रोड हुँदै आउनु पर्ने बाध्यता रहेकोले हाइवे खोल्नु पर्ने, विस्तारै हुलाकी सडकसँग जोड्नु पर्ने, बाटो र पूर्वाधारको काम अझैं व्यवस्थित गर्नु पर्नेलगायतको समस्या नगरपालिकाले तत्काल समाधान गरी व्यवसायीको विश्वास जित्नुपर्छ ।

नगरलाई सफा, सुन्दर र पर्यटकीय बनाउन नगरपालिका र व्यवसायीबिच सहकार्य र समन्वय जरुरी छ । व्यवस्थित अटोभिलेज सञ्चालनमा आउँदा सिद्धार्थनगरको शहरी सौन्दर्य वृद्धि हुनुका साथै विदेशी पर्यटकमा समेत सकारात्मक छाप छाड्न सकिने छ ।

# नेप्से परिसूचकमा सामान्य सुधार



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक मंगलबार एक दशमलव ०३ अङ्कले बढेर दुई हजार ६११ दशमलव ४३ को बिन्दुमा कायम भएको हो ।

३१८ कम्पनीको दुई करोड पाँच लाख ४२ हजार ७६४ कित्ता शेयर ८० हजार ५४ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७४ करोड ७६ लाख ६८ हजार ८४६ बराबरको कारोबार भएको छ । कारोबारमा जलविद्युत् एक दशमलव ४०, जीवन बिमा शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९, निर्जीवन बिमा समूह शून्य दशमलव ५७ र व्यापार समूह दुई दशमलव ०३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ५०, वित्त एक दशमलव २८, होटल तथा पर्यटन शून्य दशमलव ३३ र लगानी समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त शून्य दशमलव ३०, म्युचुअल फन्ड शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ५८ प्रतिशतले घटेको छ ।

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सानिमा माई हाईड्रोपावर लिमिटेडको रु ९२ करोड ८९ लाख ६२ हजार ७६६ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने डादी ग्रुप पावर लिमिटेडको १७ लाख ४७ हजार ५८१ कित्ता शेयर किनबेच भएको छ ।

# जथाभावी फोहोर गर्नेलाई नगरपालिकाको जरिवाना



तिलोत्तमा । केही दिनअघि सार्वजनिक स्थानमा फोहोर फालेकाले सिद्धार्थनगर नगरपालिका-१३ बैङ्करोडस्थित गुड हेल्थ फार्मेसी कारबाहीमा पऱ्यो । फार्मेसीबाट निस्कने फोहोरमैला जथाभावी फालेकाले नगरले पहिलो पटकका लागि रु पाँच हजार जरिवाना तिरायो ।

सो फार्मेसी सोही नगरको वडा नं. ५ की वडा सदस्य किरणदेवी सुनारको हो । सुनारले आफैंले बनाएको नियम आफैंले उल्लङ्घन गरेपछि जरिवाना तिरिन् । उनले भनिन्-"फार्मेसी मेरो हो । फार्मेसीका कर्मचारीले गल्ती गरे । जरिवाना मैले तिरेकी छु ।"

नगरले जरिवाना लिन थालेपछि पछिल्लो समय वडा नं. ५, १२ र १३ पहिलेको तुलनामा सफा भएको सुनार बताउँछिन् । उनले भनिन्-"नगरको जरिवाना अभियानले नगर सफा र सुन्दर हुन थालेको छ ।"

नगरपालिकाले फोहोरमैला, छाडा चौपाया, दर्ताबिना सञ्चालित ई-रिक्साको व्यवस्थापनमा कडाइ गरेको हो । पटक-पटक आग्रह गरे पनि अटेर गर्नेलाई जरिवाना असुल गर्न सुरु गरेको हो । नगरले कार्यविधि नै बनाएर सबैलाई नियम पालना गराउने योजना बनाएको छ ।

फोहोरमैला जथाभावी फाल्नेहरु हालसम्म ११ जनालाई जरिवाना गराएको छ । जरिवानाबापत रु ५५ हजार राजस्व सङ्कलन गरेको छ । दर्ताबिना नगरमा सञ्चालित ई-रिक्सा चालक पनि कारबाहीमा परेका छन् ।

नगरले आफ्नो क्षेत्राधिकारमा पर्ने ई-रिक्सा दर्ता प्रक्रियाका लागि पटक-पटक सूचना जारी गर्दासमेत अटेर गर्ने ३५ वटा ई-रिक्सा चालकबाट जरिवाना असुलेको छ । प्रतिचालक रु पाँच हजारकै दरले जरिवाना लिएको प्रमुख प्रशासकीय अधिकृत जनक थापाले बताउनुभयो ।

नगरको आग्रहलाई अटेर गरी सञ्चालन गरिरहेका ई-रिक्सा दैनिक पाँचवटाको हाराहारीमा कारबाहीमा पर्ने गरेको सूचना अधिकारी देव ज्ञवालीले बताए । गत महिना नगरको वडा नं. ४ की नौ वर्षीया एक बालिका खेल्दै गरेको स्थानबाट हराइन् । हालसम्म ती बालिकाको अवस्थाबारे केही पत्ता लागेको छैन । ती बालिका ई-रिक्सामा चढेको देखिएको नगर उपप्रमुख उमा अधिकारीले बताइन् । उनले भनिन्-"दर्ता नभएको रिक्सा भएकाले पत्ता लगाउन गाह्रो भयो । त्यसैले दर्ता अति आवश्यक छ ।"

हालसम्म ई-रिक्सा व्यवस्थापनका लागि नगरले कार्यविधि बनाएको छैन । हालसम्म नगरमा ६३५ वटा ई-रिक्सा दर्ता भई सञ्चालनमा छन् ।

त्यसैगरी, दुर्घटनाका कारकमध्ये छाडा चौपायालाई सडकमा जथाभावी छाड्नुलाई पनि मानिन्छ । समय नगरमा छाडा गाईवस्तु बढ्न थालेपछि नियन्त्रण गर्न नगरपालिकाले गत माघदेखि अभियान सञ्चालन गरेको हो । हालसम्म चार जनालाई चौपाया छाडा जथाभावी छाडेबापत रु सात हजारका दरले जरिवाना लिएको राजस्व शाखा अधिकृत कमलकान्त खनालले बताए ।

हालसम्म ११५ वटा मरेका गाई-गोरुको व्यवस्थापन गरिएको नगरपालिकाका प्रवक्ता मुक्तिनाथ यादवले जानकारी दिए ।

स्थानीय सरकारले गरेको निर्णयबमोजिम पहिलो पटकका लागि सात हजार जरिवाना गराई फेरि छाडा नछोड्ने सर्तमा सम्बन्धित धनीलाई जिम्मा लगाइएको थियो ।

# जैमिनीलाई पूर्णखोप सुनिश्चितता घोषणा




बलेवा । जैमिनी नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । 'स्थानीय स्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप पालिका हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ खोप समन्वय समितिले पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा तथा प्रमाणीकरण गरेको हो ।

जिल्ला समन्वय समितिका प्रमुख तथा खोप समन्वय समितिका संयोजक अमरबहादुर थापाले पूर्णखोप सुनिश्चितता घोषणा गर्दै यसलाई निरन्तरता दिन आग्रह गर ।

कार्यक्रममा पालिकालाई पूर्णखोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख थापाले जैमिनी नगरपालिका प्रमुख नरबहादुर पुनलाई हस्तान्तरण गरे । सो अवसरमा नगरप्रमुख पुनले खोपबाट बालबालिकालाई वञ्चित गराउन नहुने बताए ।

सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्याङ्क र सूचकका आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख गोविन्दप्रसाद शर्माले बताए । उनले भने-"राष्ट्रिय खोप तालिकाअनुसार नगरका १० वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित गरिएपछि पूर्णखोपयुक्त सुनिश्चित पालिका घोषणा गरिएको हो ।"

नगरपालिकाले दिगोपना र पूर्णखोप सुनिश्चितताका लागि हरेक वर्ष चैतमा नियमित खोपको घरभेट सर्वेक्षण गर्ने उमेरअनुसार खोप पाए/नपाएको एकिन गरेर खोप लगाउन छुटेको पाइएमा बैशाखमा खोप दिने व्यवस्था गरेको छ । वडास्तरीय खोप समन्वय समितिले बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको हो ।

खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालय प्रमुख घनश्याम सापकोटाले जनाए । नगरका १५ महिना उमेर समूहका तीन सय १३ जना नियमित खोप लगाइरहेका र १६ देखि २३ महिना उमेर समूहका दुई सय २६ जनालाई खोप दिएपछि नगर पूर्णखोप सुनिश्चित बनेको स्वास्थ्य शाखा प्रमुख शर्माले जानकारी दिए ।

# स्याङ्जा-तनहुँ जोड्ने सडकको ७५ प्रतिशत काम पूरा



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको सदरमुकामबाट तनहुँको दुलेगौडा जोडन् सडकको निर्माण कार्य तीव्र रुपमा अगाडि बढाइएको छ । तीव्र रुपमा निर्माण गरिएको पुतलीबजारको प्रगतिनगर-डाडाँस्वारा पक्की सडकको निर्माण कार्यको ७५ प्रतिशत काम पूरा भएको छ ।

पुतलीबजार नगरपालिकाअन्तर्गत रहेको प्रगतिनगर-बहाकोट-नाम्चे-काल्खु मोटरबाटोफराकिलो बनाउने काम सकिएको छ । सडकमा पर्खाल लगाउने, नाली बनाउने, ग्रेड मिलाउनेलगायतका कामहरु पूरा भएर कालोपत्रेको काम थाल्न शुरु हुन लागेको पुतलीबजार नगरपालिकाका इञ्जिनियर सुदीप बराललले जानकारी दिए ।

"बाटो फराकिलो बनाउने काम सबै पूरा भएको छ । टेवा, पर्खाल र नाली निर्माणका काम ९५ प्रतिशत पूरा भएको छ," इञ्जिनियर बराललले भने-"यसैगरी नालीतर्फ ५ दशमलव ९ किलोमिटर, ५ दशमलव ५ किलोमिटर ग्रेड मिलाउने र ५ दशमलव ३ किलोमिटरमा सबबेश बिछ्याउने काम सम्पन्न भएको छ ।"

बैशाख महिनाको मध्येसम्म भौतिक प्रगति करिब ७५ प्रतिशत पूरा भएको छ । बैशाखको अन्तिम साताभित्र कालोपत्रे गर्नेगरी तयारी भइरहेको छ । विश्व बैंकको आर्थिक सहयोग तथा पुतलीबजार नगरपालिकाको प्राविधिक सहयोगमा कच्ची सडक फराकिलो बनाउनुका साथै कालोपत्रे गरिने नगरप्रमुख तुलसीराम रेग्मीले बताए ।

सडकले स्याङ्जाको सदरमुकाम र तनहुँ जिल्लाको व्यापारिक केन्द्र दुलेगौडा जोड्ने छ । पुतलीबजार हुँदै तनहुँको दुलेगौडासँग जोडिने सडकबाट पुतलीबजार नगरपालिकाका वडा नं. ३, ५, ७, ८, ९ का स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुनेछन् भने हजारौं व्यक्तिले उक्त सडकको उपयोग गर्न पाउने नगरप्रमुख रेग्मीले जानकारी दिए ।

काठमाडौंको लामा कन्स्ट्रक्सन कम्पनीले निर्माणको जिम्मा पाएको सडक निर्माणमा विश्व बैंकको ४३ करोड १८ लाखको लागतमा निर्माण गरिने पक्की सडक अबको ३ महिनाभित्र महिनाभित्र पूरा गरिसक्नु पर्नेछ । सन् २०२४ अप्रिलमा सम्झौता भएको सो सडक २०२५ जुलाईमा निर्माण कार्य सक्नुपर्ने बाध्यकारी समयसिमा रहेको छ ।

शहरी शासकीय तथा पूर्वाधार कार्यक्रमअन्तर्गत विश्व बैंकको ऋण तथा अनुदान सहयोग तथा पुतलीबजार नगरपालिकाको प्राविधिक सहयोगमा सडक कालोपत्रे गर्न लागिएको हो । तोकिएको समयमै सडक निर्माण सम्पन्न गर्नेगरी निर्माण अघि बढाइएको निर्माण कम्पनीका प्रमुख इञ्जिनियर नरनाथ पौडेलले जानकारी दिए ।

प्रगतिनगरशिक्षा चोकदेखि काफलडाँडा-भञ्ज्याङ्-बहाकोट-नाम्चे- काल्खुसम्मको७ दशमलव ६ किलोमिटर पक्की सडक बन्दैछ । नाली र टेवा पर्खालसहित दुई लेनको सडकको चौडा ७ मिटरको हुने नगरपालिकाले जनाएको छ ।

## ट्रष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको

## दोस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०१/२४**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस ट्रष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको मिति २०८१/१२/२५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ट्रष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, स्थान तथा समय :**

मितिः २०८२ साल जेठ १ गते, बिहीबार तदनुसार (15 May, 2025)

समयः बिहान ९ः१५ बजे ।

स्थानः माहाराजा रिसोर्ट प्रा.लि.को सभाकक्ष बुटवल उपमहानगरपालिका वडा नं. ११, रुपन्देही

२. **सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरुः–**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को बार्षिक वित्तिय विवरण (आषाढ मसान्त २०८१ को वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४) संचालक समितिको बैठकबाट नियुक्त गरिएका संचालकहरुको नियुक्ति अनुमोदन गर्ने बारे ।

**ख) विशेष प्रस्तावहरुः–**

१) प्रबन्ध पत्रको दफा (६) को उपदफा (५) संशोधन गर्ने बारे,

२) संचालकहरुको सेवा सुविधा बारे,

३) सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने बारे,

४) सामाजिक उत्तरदायित्व (CSR) अन्तरगत भए गरेका खर्चहरुको अनुमोदन गर्ने बारे,

५) दफा तथा नियम संशोधन, सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने लगतयतका सम्बन्धमा नियामक निकायहरुबाट कुनै पनि किसिमको संशोधन, फेरबदल एवं थपघट गर्ने लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने बारे,

**ग) विविध ।**

**३. साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१) दोस्रो बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०१/२५ गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । अर्थात् मिति २०८२/०१/२४ गते सम्म दर्ता कायम भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने छन् ।

२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ८ः३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला गरिनेछ ।

३) बार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागजत वा प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

४) सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि वित्तिय विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी जानकारीको लागि कम्पनीको Website: www.trustmicroinsure.com मा हेर्न सक्नु हुनेछ ।

५) साधारण सभमा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०१/३० गते बिहान ९ः१५ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल उपमहानगरपालिका वडा नं. ९ रूपन्देही तथा कम्पनीको प्रादेशिक कार्यालय का.जि., का.म.न.पा.३० कमलपोखरीमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।

६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय रूपन्देहीमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानी पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन् ।

८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

९) साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारी प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

TRUST
MICRO INSURANCE
*Ensure with Trust : Mitigate your Risk*

**ट्रष्ट माइक्रो इन्स्योरेन्स लि.**
**प्रधान कार्यालय:बुटवल-९, रुपन्देही**
**फोन नं.: ०७१-५९१४४२**
**प्रदेश कार्यालय: राधा कृष्ण भवन, (छैठौं तल्ला),**
**कमलपोखरी काठमाडौं ।**
**फोन नं.: ०१-४५४७०४२/४३**
**इमेल: Info@trustmicroinsure.com**
**बेव साइट: www.trustmicroinsure.com**

# गाईपालन व्यवसायबाट मासिक एक लाख आम्दानी

दाङ । वैदेशिक रोजगारीबाट फर्किएर घोराही उप-महानगरपालिका-१ सुकाखोलाका बोमबहादुर थापाले गाईपालन व्यवसायबाट मनग्य आम्दानी गरेका छन् ।

उनले करिव ११ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया र दुबईमा काम गरेका थिए । उनले भने-“विदेशमा १८ घण्टा काम गर्छौं, कमाइ भएको देख्छौं, स्वदेशमा काम आठ घण्टा पनि गर्दैनौं कमाइ चाँही धेरै खोज्छौं, अनि जति कमाए पनि कमै देख्छौं ।”

बिहानै ४ बजे उठेर गाई दुहुने र गाउँका अन्य किसानकोसमेत दूध लिएर घोराही बजारको डेरीमा पुऱ्याउने अनि घर फर्केर फेरि गाईको हेरचाह गर्ने यसरी नै बित्छ, थापाको दैनिकी ।

उसो त थापाका लागि कामको चाप भने विदेशको जस्तै छ । थापाले विगत पाँच वर्षदेखि एक दिन पनि यो काम छुटाएका छैनन् । थापालाई लाग्छ म एक दिन बिरामी भएँ भने यो दूध अर्को दिन कहाँ लगेर बेचुँ ।

गाईलाई दानापानीको काम परिवारका अन्य सदस्यले गरे पनि दूध बजारसम्म पुऱ्याउने काम भने थापा आफैँले मात्र गर्दै आएका छन् ।

सुरुमा दुईवटा गाईबाट यो पेसामा लागेका थापासँग हाल १७ गाई छन् । तीमध्ये सात वटा दुहुना छन् । दैनिक ८० लिटर दूध उत्पादन हुने गरेको थापाको भनाइ छ ।

विदेशमा कमाएको पैसाले घोराही बजारमा घडेरी किनेर एक तलाको घर बनाएका थापाले स्वदेश आएपछि ट्रक किन्नेदेखि बाख्रा पाल्नेसम्मको काम गरे । अन्य पेसामा सफल नभएका थापा गाईपालनमा भने सफल भएका छन् ।

उनले भने-“मैले मासिक एक लाख बढी आम्दानी गर्दै आएको छु मेहनत गरे आफ्नै देशमा पैसा फल्दोरहेछ ।” गाईपालनबाट पाँच वर्षमा थापाले करिब रु ५० लाख आम्दानी गर्नुका साथै जिल्लाकै एक उदाहरणीय किसान बोका छन् ।

**मोतिपुर...**

कोरोना महामारी र त्यसपछिको आर्थिक मन्दीलगायतका कारणले उद्योगहरु पूर्ववत सञ्चालनमा आउन नसकेको पञ्चकन्या ग्रुपका महानिर्देशक देवेन्द्र साहु बताउँछन् । रुपन्देहीको कोटिहवामा ३ वटा स्टिल र ३ वटा प्लाष्टिक उद्योग सञ्चालन गरेको पञ्चकन्या ग्रुपले पूर्ण क्षमताको २० प्रतिशत मात्रै सञ्चालनमा रहेको साहूले बताए । यो उद्योगमा अहिले पनि ६ सय बढी कामदार कर्मचारी कार्यरत छन् ।

‘पूर्ण क्षमतामा सञ्चालन नभएपछि हामीले तिर्दै आएको भन्सार शुल्क पनि कम भएको छ, राजस्व पनि कम भएको छ,’ उनले भने-‘भन्सार किन कम भयो भनेर भन्सार कार्यालय पनि आउँदैन, राजस्व किन कम भयो भनेर कर कार्यालय पनि आउँदैन, पहिले बैंक आउनु पर्दैनथ्यो, अहिले बैंक आउँछ ।’

उनले राज्य अभिभावकीय भूमिकाविहीन भएको गुनासो गरे । ‘छोरा छोरी लडे भने उठाउने दायित्व बुबा-आमाको हो, घाउ चोटपटक लागेको भए औषधोपचार गरेर बचाउने हो,’ उनले भने-‘तर, यहाँ अभिभावकको भूमिकामा राज्य छैन ।’ उनले विद्युत् ट्रिपिङले धेरै नोक्सान भइरहेको पनि बताए ।

बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेले उद्योगीहरुका समस्या पहिचान गर्न स्थलगत अवलोकन गरिएको र प्राप्त सुझाव सल्लाहका आधारमा मोतीपुर औद्योगिक क्षेत्रको काम छिटो अघि बढाउन पहल गर्ने बताए ।

उद्योगहरुको स्थलगत अवलोकनबाट प्राप्तसमस्याहरु नेपाल उद्योग वाणिज्य महासंघमार्फत् समाधानको पहल गरिने संघका उद्योग उपाध्यक्ष सुरज भट्टराईले जनाए ।

**गभर्नर...**

उनले थपे-‘सरकारले नागरिकको शिक्षा र स्वास्थ्यमा लगानी गर्ने हो, सबै पार्टीहरू उदारीकरण आएका छन्, बेलायतमा अहिले पनि शिक्षा राज्यको नै दायित्व छ, शिक्षामा प्राइभेटले राम्रो त गरेको छ, तर सरकारीले काम गर्ने सकेको अवस्था छैन, दुवैलाई अगाडि बढाइरहेका छौँ ।’

उनले जलवायु परिवर्तनको विश्वव्यापी समस्याले हिमालहरू पग्लिएर कालापत्थरमा परिणत हुने अवस्था रहेको भन्दै वनजंगल बचाउन ध्यान दिनुपर्नेमा पनि जोड दिए ।

‘ग्लोबल वार्मिङको समस्याले धेरै असहज बनाएको छ, यसमा ध्यान दिनुपर्छ,’ देउवाले भने-‘शिक्षा, स्वास्थ्य एवं हवाई यातायातका क्षेत्रमा नेपालले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ, समावेशी विकास र भेदभावको अन्त्य नेपाली कांग्रेसले नै गरेको हो ।’


## दिव्यज्योति माध्यमिक विद्यालय

बर्दघाट-२ चिसापानी, नवलपरासी

## सूचना । सूचना ।। सूचना ।।।

मितिः २०८२/०१/२४

